आज मिति २०७६ साल मंसिर ८ गतेका दिन प्रमुख श्री नर वहादुर थापा मगरज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको वैठक वसी देहायको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

## तपसिल

| | |
|---|---|
| १) नगरपालिका प्रमुख श्री नर वहादुर थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २) नगरपालिका उप-प्रमुख श्री सृजना खडका<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३) वडा अध्यक्ष वडा नं.१ श्री नर वहादुर थापा क्षेत्री<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४) वडा अध्यक्ष वडा नं. २ श्री निर वहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५) वडा अध्यक्ष वडा नं.३ श्री भूपाल राज श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६) वडा अध्यक्ष वडा नं. ४ श्री टुपेन्द्र वहादुर तामाङ्ग<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७) वडा अध्यक्ष वडा नं. ५ श्री भिम वहादुर तामाङ्ग<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८) वडा अध्यक्ष वडा नं. ६ श्री धन बहादुर खडका<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९) वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १०) वडा अध्यक्ष वडा नं.८ श्री केदार कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११) वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

Scanned with CamScanner

| | | |
|---|---|---|
| १२) | कार्यपालिका सदस्य श्री जमुना हायू<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १३) | कार्यपालिका सदस्य श्री समिता वि.क.<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १४) | कार्यपालिका सदस्य श्री ज्ञानुदेवी वस्नेत कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १५) | कार्यपालिका सदस्य श्री रुकुम हायू<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १६) | कार्यपालिका सदस्य श्री सरोज कटुवाल<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १७) | कार्यपालिका सदस्य श्री जनकराज सुनुवार<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १८) | कार्यपालिका सदस्य श्री अनिता काफ्ले<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १९) | कार्यपालिका सदस्य श्री कविता रिसाल<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| २०) | प्रमुख प्रशासकीय अधिकृत श्री दिपेन्द्र पौडेल<br>रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप | सदस्य सचिव |

## छलफल तथा प्रस्तावहरु

१ नगरभित्र सडक निर्माणको क्रममा प्रयोग हुने उपकरण सुचिकृत गर्ने सम्वन्धमा ।
२ करार कर्मचारी म्याद थप सम्वन्धमा ।
३ ट्याक्टर खरिदको बील भुक्तानी गर्ने सम्वन्धमा ।
४ सम्भाव्य वडाहरुका वजार क्षेत्रको व्यवस्थापन सम्बन्धमा ।
५. मलागिरी विकास केन्द्रले निर्माण गर्ने बृद्धाश्रम सम्बन्धमा ।
६ ज्ञानज्योति पुस्तकालय वडा नं. ८ को सम्वन्धमा ।
७ लैङ्गिक हिंसा विरुद्धको १६ दिवसीय अभियान सम्वन्धमा ।
८ अपाङ्ग परिचय पत्र वितरण सम्वन्धमा ।

Scanned with CamScanner

९ गिट्टी बालुवा बोलपत्र गर्ने सम्बन्धमा ।
१० लिखु नदीको प्राकृतिक श्रोतको वातावरणीय प्रभाव मूल्यांकन गर्ने सम्बन्धमा ।
११ वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।
१२ विभिन्न कार्यविधि पारित गर्ने (कृषक समूह गठन, बजार अनुगमन निर्देशिका र स्वयंसेवी शिक्षक व्यवस्थापन अनुदान कार्यविधि)
१३ नगर प्रहरी नियमावली संशोधन गर्ने ।
१४ सेफ हाउस निर्माणको लागि जग्गा निर्धारण गर्ने
१५ हाट बजार सार्ने जग्गाको व्यवस्थापन गर्ने ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ (क) २ बमोजिम पेश गरिएको ।

..................

(नर बहादुर थापा मगर)
प्रमुख

नर बहादुर थापा मगर
प्रमुख

Scanned with CamScanner

क्रमश------

**निर्णय नं. १**

यस नगरपालिका भित्र सडक निर्माणको क्रममा प्रयोग हुने उपकरणहरुको नियमानुसार लाग्ने दस्तुर लिई नगरकार्यपालिकाको कार्यालयमा सुचिकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस नगरपालिकाको नगरसभाबाट स्वीकृत दरवन्दी भित्र करारमा कार्यरत कर्मचारीहरुको मिति २०७६ साल असोज मसान्तबाट करार अवधि समाप्त भएकोमा म्याद समाप्त भएको मितिले ३ (तीन) महिनाका लागि करार अवधि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

सम्भाव्य वडाहरुको बजार क्षेत्रको फोहोरमैला व्यवस्थापन सम्बन्धमा प्रत्येक वडाहरुमा संकलन केन्द्रको व्यवस्थापन गरी उक्त फोहोरमैला रामेछाप नगरपालिकाको टिपरबाट साविकमा तोकिएको डम्पिङ्ग साइटमा व्यवस्थापन गर्ने, दीर्घकालिन व्यवस्थापनको लागि उपयुक्त डम्पिङ्ग साइटको अध्ययन गर्ने र वडा वडामा साप्ताहिक सरसफाई कार्यक्रम संचालन गर्ने एवं ठाँउठाँउमा सरसफाई सम्बन्धी सूचनामूलक होर्डिङ्ग बोर्ड राख्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नगरपालिकाको कार्यालयले खरिद गरेको ट्याक्टरको रकम भुक्तानी सम्बन्धमा मेकानिकल ईन्जिनियरको प्रतिवेदन लिई आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

मलागिरी विकास केन्द्रले निर्माण गर्ने वृद्धाश्रम र ज्ञानज्योति पुस्तकालय निर्माण सम्बन्धमा सम्बन्धित दुवै पक्षलाई बोलाई आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

लैङ्गिक हिंसा विरुद्धको १६ दिवसीय अभियान (२०७६ मंसिर ९ गते देखि २०७६ मंसिर २४ गतेसम्म) सम्बन्धमा वडास्तरमा सम्बन्धित वडाबाट कार्यक्रम संचालन गर्ने र नगरस्तरीय कार्यक्रम नगरपालिकाको हाटबजार लाग्ने स्थानमा मंसिर २४ गते रामेछाप नगरपालिका क्षेत्रभित्रका महिला उद्यमीहरुबाट उत्पादन गरेका सामानहरुको प्रदर्शनी गर्ने र उक्त प्रदर्शनी सहितको कार्यक्रमका लागि रु. १,५०,०००।- सीमाभित्र रही बजेट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ मा संशोधन गर्ने सम्बन्धमा अपाङ्गता स्थानीय समन्वय समितिको मिति २०७६/०८/०५ गतेको बैठकबाट सिफारिश भए बमोजिम देहाय बमोजिम हुने गरी कार्यविधि संशोधन गर्ने निर्णय गरियो ।

१. अति अशक्त अपाङ्गता वर्ग ख को १ नं. बुदाँमा निरन्तर भन्ने शब्द हटाउने ।

२. अति अशक्त अपाङ्गता वर्ग ख को ५ नं. बुदाँमा अधिकांश समय अरुको सहयोग भन्ने शब्द थप गर्ने ।

३. मध्यम अपाङ्गता वर्ग ग को ७ नं. बुदाँमा भाषा प्रयोग र बुझाई भन्ने शब्द थप गर्ने ।

४. अध्यम अपाङ्गता वर्ग ग को १५ नं. बुदाँमा मानसिक वा मनोसामाजिक भन्ने शब्द हटाउने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

५. सामान्य अपाङ्गता वर्ग घ को ६ नं. बुदाँमा सिकाईमा ढिलाई भएको दैनिक कृयाकलापमा भाषाको प्रयोग गर्न सक्ने र वार्तालाप गर्ने सक्ने भन्ने बुदाँ थप गर्ने ।

**निर्णय नं. ८**

गिट्टी, बालुवा बोलपत्र गर्ने सम्बन्धमा IEE प्रतिवेदन बमोजिम १० वटै स्थान तोकी प्याकेज बनाई बोलपत्र आह्वानको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

लिखु नदीको प्राकृतिक श्रोतको वातावरणीय प्रभाव मूल्यांकन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

चालु आ.व. २०७६/७७ का लागि स्वीकृत भएका वडा कार्यालयहरुको भवन निर्माण गर्ने सम्बन्धमा भवनको निर्माणमा एकरुपता हुने गरी विस्तृत प्रतिवेदन (DPR) तयार गरी आगामी बैठकमा पेशगर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

स्वयंसेवी शिक्षक व्यवस्थापन अनुदान कार्यविधि, २०७६ (प्रस्तावित) बैठक समक्ष प्रस्तुत भयो । उक्त कार्यविधिको नियम ९ मा रहेको शिक्षक छनौट समितिमा वडा शिक्षा समितिको अध्यक्ष वा निजले तोकेको व्यक्तिलाई समेत पर्यवेक्षकको रुपमा राख्ने गरी संशोधन सहित प्रस्तावित कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

नगर प्रहरी नियमावली संशोधन सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

सेफ हाउस निर्माणका लागि जग्गा निर्धारण गर्ने तथा रामेछाप हाट बजार स्थानान्तरण गर्न जग्गाको व्यवस्थापन गर्ने सम्बन्धमा विस्तृत अध्ययन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

चालु आ.व. २०७६/७७ मा स्वीकृत नगर/वडास्तरीय योजनाहरुको सम्झौता २०७६ साल कार्तिक मसान्तसम्म सम्पन्न गर्ने निर्णय भएकोमा विशेष अवस्था उत्पन्न हुन जाने अवस्था बाहेक योजनाहरुको सम्झौता २०७६ साल पौष मसान्तभित्र सम्पन्न गर्ने गरी सम्झौता अवधि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रदेश सरकारसँगको बजेट साझेदारीमा नगरपालिका कार्यालयको परिसरमा न्यायिक इजलास भवन निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

प्रदेश सरकारसँगको बजेट साझेदारीमा नगरपालिका क्षेत्रभित्र रहेका मुख्य मुख्य बजारमा सि.सि. क्यामेरा जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

चालु आ.व. २०७६/७७ को प्रथम चौमासिक अवधिमा संचालन भएको योजना तथा कार्यक्रम एवं कार्यालयबाट प्रवाह भएको सेवाको अवस्था सम्बन्धमा वडा नं. ३ को साँघुटार बजारमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो र सो को मिति नगरकार्यपालिकाको कार्यालयले तय गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. १८**

चालु आ.व. २०७६/७७ मा सडक बोर्ड नेपालको स्वीकृत बजेटबाट कार्यान्वयन हुने गरी देवाली चौर-लर्खु सडक, वडा नं. १ छनौट गर्ने निर्णय गरियो साथै उक्त योजना संचालनको लागि लाग्ने कुल लागत अनुमानको ३० प्रतिशतले हुन आउने रकम (रु. ११ लाख) नगरपालिकाको साझेदारी कोषबाट व्यहोर्ने निर्णय गरियो।

**निर्णय नं. १९**

यस नगरपालिका वडा नं. ४ स्थित लखनटार झोलुङ्गे पुल निर्माण कार्यका लागि कुल लागत रु. ४०५५४२९.९१ रहेकोमा रु. २० लाख मात्र बजेट निकासा भएकोले सो पुलको निर्माण कार्य सम्पन्न गर्न रु. २०,५५,०००।- थप बजेट निकासा गरिदिन सम्बन्धित निकाय समक्ष माग गरी पठाउने निर्णय गरियो।

**निर्णय नं. २०**

श्रम, रोजगार तथा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यविधि, २०७६ बमोजिम आयोजना छनौट गरी पठाउनु पर्ने सन्दर्भमा प्रत्येक वडाहरुले रु. १० लाख भन्दा कम लागतका बढीमा ६ वटा योजनाहरुको छनौट गरी मिति २०७६/०८/१० गतेभित्र यस नगरपालिकामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २१**

यस नगरपालिकाका कानुनी सल्लाहकार श्री लोकहरी दाहालका पुजनीय पिता श्री नेत्र प्रसाद दाहालको ७१ वर्षको उमेरमा मिति २०७६/०८/०७ गतेका दिन दुःखद् निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि), २०७४ को नियम ५ को उप नियम १ बमोजिम प्रमाणित गरिएको।

.............

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner